REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 02.10.2025

---

## विजयादशमी

राष्ट्रपति द्रौपदी मुर्मुले विजयादशमीको अवसरमा देशवासीहरूलाई शुभकामना दिनुभएकोछ। एक सोशल मीडिया पोस्टमा उहाँले विजयादशमीको पर्वले सबैलाई सत्य र न्यायको मार्गमा हिड्ने प्रेरणा दिन्छ, उहाँले भन्नुभयो । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि विजयदशमीमा मानिसहरूलाई शुभकामना दिनुभएकोछ। एक सोशल मीडिया पोस्टमा उहाँले साहस, बुद्धि र भक्तिले संधै नागरिकहरूको मार्ग निर्देशित होस् भनि कामना गर्नुभएकोछ ।

---

## सेवा पर्व- उत्तर पूर्वको व्यवस्थापन

सार्वजनिक सेवा र सुशासनको मन्त्रबाट निर्देशित, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा रहेको सरकारले रूपान्तरण र प्रगति ल्याउन अथक प्रयास गरिरहेको छ। आज, यस विशेष श्रृङ्खला- सेवा पर्व मा हामी तपाईलाई मोदी सरकारले कसरी उत्तरपूर्वलाई मुख्यधारामा ल्याउँदै यसलाई भारतको विकासको नयाँ इन्जियनमा परिणत गरिरहेको छ भन्ने कुरा प्रस्तुत गर्दछौं।

---

## मुख्यमन्त्रीले राष्ट्रपितालाई श्रद्धाञ्जली अर्पण गर्नुभयो

महात्मा गान्धीको 156 औं जन्मजयन्तीको अवसरमा, सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ्ले आज एम. जी. मार्गमा राज्यपाल ओमप्रकाश माथुर र उनका मन्त्रीमण्डलका सहकर्मीहरूको सम्मानित उपस्थितिमा राष्ट्रपितालाई श्रद्धाञ्जली अर्पण गर्नुभयो। यो कार्यक्रम, महात्मा गान्धीले प्रतिपादन गरेका स्थायी मूल्यमान्यताहरूप्रति हार्दिक श्रद्धाञ्जलीको रूपमा प्रस्तुत गरिएको थियो। कार्यक्रमको साथसाथै, ENGAGE 2025 पहर र स्वच्छता पुरस्कार अन्तर्गत पुरस्कारहरू पनि प्रदान जसमा फोहोर व्यवस्थापन, सरसफाइ र सामुदायिक सेवामा उत्कृष्ट योगदान पुर्‍याएकोमा विद्यार्थी, संस्था, स्व- सहायता समूह, सरसफाइकर्मी र स्थानीय निकायहरूलाई सम्मान गरिएको थियो । ENGAGE 2025 युवा नेतृत्वलाई पोषण गर्न तयार पारिएको फोहोर व्यवस्थापन सम्बन्धी एक प्रमुख जागरूकता कार्यक्रम हो ।

---

राज्यपाल माथुरले गान्धी र शास्त्रीलाई श्रृद्धाञ्जली अर्पण गरे

राष्ट्रपिता महात्मा गान्धी र भारतका पूर्व प्रधानमन्त्री लालबहादुर शास्त्रीको जन्मजयन्तीको सम्झना गर्दै सिक्किमका राज्यपाल ओमप्रकाश माथुरले यी महान नेताहरूको प्रतिमा तस्विरमा पुष्पांजलि अर्पण गर्नुभयो ।

गहिरो कृतज्ञता व्यक्त गर्दै, राज्यपालले राष्ट्रपति उनीहरूको शाश्वत योगदानलाई स्मरण गर्दै उनीहरूको आदर्शको स्थायी प्रासंगिकतामा जोड़ दिनुभयो उहाँले समावेशी र सामंजस्यपूर्ण समाज निर्माण गर्दै प्रयास गर्दै सत्य, अहिंसा, सरलता र निस्वार्थ सेवाको मूल्यमान्यतालाई कायम राखेर, उनीहरूको पाइला पछ्याउन सबैलाई आग्रह गर्नुभयो ।

---

पाकिममा गान्धी जयन्ती मनाइयो ।

महात्मा गान्धीको 156 औं जन्मजयन्ती मनाउन पाकिम जिल्ला प्रशासनिक केन्द्रसँदगै रम्फु र रोङ्गलीका सबै उप- विभागीय कार्यालयहरूमा गान्धी जयन्ती मनाइयो । सरकारी अधिकारीहरू, र कर्मचारीहरूको सहभागितामा जिल्ला प्रशासनको सुपरिवेक्षणमा कार्यक्रम आयोजना गरिएको थियो । जिल्ला मुख्यालयसम्म राष्ट्रपिता महात्मा गान्धीको तस्विकमा माल्यार्पण महात्मा गान्धीको सरसफाइको दृष्टिकोणको सम्झानामा स्वच्छता अभियानको एक भागको रूपमा कार्यालय परिसर  र नजिकै सार्वजनिक क्षेत्रहरूमा सरसफाइ अभियानहरू पनि समावेश थिए ।

---